"समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

सू.नं.:- २६/०८१-०८२

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सार्वजनिक सूचना।

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२७ गते।)*

भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा, गरिब पहिचान तथा मापदण्ड शाखाको च.नं. २४२, मिति २०८१/०६/०९ गतेको पत्रानुसार यस छथर गाउँपालिकामा गरिब परिवार पहिचान तथा परिचयपत्र कार्यक्रम अन्तर्गत गरिब परिवार पहिचान गर्ने सन्दर्भमा तथ्यांक संकलन तथा विश्लेषण गरी प्रारम्भिक रुपमा पहिचान भएका गरिब परिवारहरुको सूची स्थानीय तहमा प्रकाशन गर्ने र उक्त सूची उपर सम्बन्धित परिवार वा अन्य कसैको गुनासो भएमा सो गुनासोलाई समेत सम्बोधन गरी गरिब परिवारको सूची स्वीकृत गर्ने प्रयोजनको लागि गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७८ (पहिलो संशोधन २०८०) को २२(५) तथा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ मा व्यबस्था भए अनुसार निम्न पदका लागि खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा **करार सेवामा** पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र (२०८१/०८/०३) माग बमोजिमका विवरण, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. **विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि. नं. | पद | श्रेणी/तह | माग संख्या | आवेदन दस्तुर | परिक्षाको किसिम | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०४-०८१/०८२ | गुनासो सुनुवाई अधिकारी | राज पत्र अनंकित प्रथम श्रणी | २ | ६००/- | लिखित र अन्तरवार्ता। | |

**आवश्यक न्युनतम योग्यताः**

२. **गुनासो सुनुवाई अधिकारीका लागि आवश्यक न्युनतम योग्यताः**
क) प्रविणता प्रमाण पत्र तह (प्लस टु) उत्तिर्ण गरेको हुनु पर्ने छ।

३. **दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरुः**
क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी। ख) ३ तिन प्रति पासपोर्ट साईजको फोटो। ग) ) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

४. **तलव, सुविधा तथा अन्य सेवा शर्तः** करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

५. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** छथर गाउँपालिका कार्यालयको वेभसाइट **www.chhatharmun.gov.np** बाट डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिने छ। साथै यस कार्यालयबाट समेत दरखास्त फारम प्राप्त गर्न सकिनेछ।

६. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** छथर गाउँपालिकाको राजस्व फाँटमा वा नविल बैंकमा रहेको यस छथर गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २१२०१०१७५०००२५ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

७. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः** २०८१/०८/०४ गते, विहान ११;३० बजे, छथर गाउँपालिकाको कार्यालय, शुक्रबारे, तेह्रथुम।

८. आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकालाई हुनेछ।

९. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा छथर गाउँपालिका, प्रशासन शाखा तथा टेलिफोन नं ०२६-४२००९९ मा सम्पर्क गरी बुझ्न सकिने छ।

गुणराज बानियाँ
प्रमुख प्रशासकीय अधिकृत

*नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय सम य भित्र दरखास्त पेश गनु पन छ।*